# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# के.आई सिंह गाउँपालिका
## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३६०

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
के.आई.सिह गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले के.आई.सिह **गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.९८ लाख २७ हजार बेरुजु देखिएको छ । सोमध्ये मिति २०७८।७।१६ मा प्राप्त प्रतिक्रियाबाट रु.२९ लाख ५६ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.७ लाख ८५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.५८ लाख ५४ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.३ करोड ९४ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ३५ लाख ३४ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# के.आइ सिंह गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १८ | ९८२७ | ० | १२ | २९५६ | ६४ | ६ | ६८७० | ७८५ | ५८५४ | २३१ | ० | ० | ६०८५ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३९४६३ | 0 | २७९९ | ३६६६४ | 0 | ६८७० | ४३५३४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : के.आइ.सिं गाउँपालिका, डोटी , के अल सिंह गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dharma Raj Upadhyay | २०७७-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Krishna Prasad Upadhyaya | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ६,८७०,५२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३,०५,१५,०५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७,८८,८२,७५२ | चालु खर्च | २१,४७,४३,०४८ |
| प्रदेश सरकारबाट अनुदान | १,८५,७१,००० | पूँजीगत खर्च | १४,६२,८४,०८०.५ |
| राजश्व बाँडफाँट | ६,४१,२३,०१५.९३ | वित्तीय/अन्य व्यवस्था | ११,३६,२८,९६२ |
| आन्तरिक आय | ३८,७४,८६३.९८ | | |
| अन्य आय | १०,२७,८७,१७०.३ | | |
| कुल आय | ४६,८२,३८,८०२.२१ | कुल खर्च | ४७,४६,५६,०९०.५ |
| बाँकी मौज्दात | | २,४०,९७,७६८.७७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **आन्तरिक नियन्त्रण**<br>**परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १२६.७०वर्ग किलोमिटर क्षेत्रफल, तथा २०८३६ जनसंख्या रहेको छ ।<br><br>**आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू.तपशिल वमोजिम रहेका छन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br><br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br><br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br><br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br><br>· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको ।<br><br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरूपहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>· कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसमपन्न भएका आयोजना तथा कार्यक्रमहरू.उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br><br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>· निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २ | | | **बरबुझारथ** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । | |
| ३ | | | **जिन्सी व्यवस्थापन** गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यलयमा भएका सम्पूर्ण जिन्सी सामाग्रीहरुको अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा प्रविष्ट गरेको देखिदैन।त्यस्तै गरी गाउँपालिकाले कोरोना व्यवस्थापनको लागि खरिद गरेका खप्ने जिन्सी सामाग्रीहरुसमेत गाउँपालिकाको मुल जिन्सी खातामा दाखिला गरेको पाइएन । यसरी गाउँपालिकाको स्वामित्व भएका सामाग्रीहरूमुल जिन्सी खातामा अभिलेख नभएको कारण वास्तविकरुपमा जिन्सीको अवश्था प्रस्ट नहुने देखिन्छ । यसरी गाउँपालिकाको विभिन्न शाखा तथा वडा कार्यालयमा भएका सम्पूर्ण जिन्सी सामाग्रीहरुलाई एकिन गरी गाउँपालिकाको मुल जिन्सी खातामा दाखिला गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू.जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट पेश पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मिना देवी बिष्टले मिति २०७7।0३।१० गते रू. 41 करोड 92 लाख 53 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।३१ मा पारित भएको छ । यसैगरी गाउँपिलका अध्यक्षले २०७६।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुण महिनाभित्र समपन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वडा समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>

**चौमासिक खर्च**

गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन समपन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रोचौमासिक | तेस्रोचौमासिक | अषाढ महिना |
| चालु खर्चतर्फ | 214743048 | 53223338 | 48693791 | 112825920 | 83937005 |
| पुँजिगतखर्चतर्फ | 146284081 | 15432531 | 27281853 | 103569696 | 80030252 |
| जम्मा | 361027129 | 68655869 | 75975644 | 216395616 | 163967257 |
| प्रतिशत | | 19 | 21 | 60 | 45 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. 36करोड 10 लाख 27 हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. 6 करोड 86 लाख 55 हजार अर्थात19प्रतिशत, दोश्रो चौमासिकमा रू. 7 करोड 59 लाख 75 हजार,अर्थात21 प्रतिशत र तेश्रो चौमासिकमा रू.21 करोड 63 लाख ९५ हजार, अर्थात60प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. 16 करोड 39 लाख 67 हजार अर्थात45प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>मिति २०७7।०३।३१ मा सभाबाट पारित क्षेत्रगत बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः | |

| **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्चप्रतिशत** |
|---|---|---|---|
| | | | **जम्मा खर्चको तुलनामा** |
| आर्थिकविकास | 38265810 | 33643951 | 9.32 |
| पूर्वाधारविकास | 75477000 | 68963455 | 19.10 |
| सामाजिकविकास | 19399580 | 164644673 | 45.60 |
| वातावरणतथा विकास | 0 | 0 | 0.00 |
| संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन | 24820000 | 22292627 | 6.17 |
| अन्य कार्लायल तथा प्रशासनिक | 86695240 | 71482420 | 19.80 |
| जम्मा | | **361027126** | **100** |

परोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी अन्य सामाजिक विकास 45.60 प्रतिशत तथा प्रशासनिकमा 19.80 प्रतिशत र वातावरण विकासमा शून्य प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **लक्ष्य प्रगति**<br>कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तरका योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ११ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 66 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, प्रसासन सहायक, सव-ईन्जिनयर, असिसटेन्ट सव-इन्जीनियर, सहायक महिला विकास निरीक्षक, कृषि अधिकृत, पशु सेवा अधिकृत, सिनियर अहेव लगायतका 19 पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा 39 जना कर्मचारीहरू करारमा राखि रू.10262268। खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको वडा सचिवको रुपमा काम गर्ने गरी ७ वडाहरुको सहयक पदमा 7 जना करार नियुक्ति गरी बर्षभरीमा रू. 1260000। भुक्तानी गरेको अनियमित देखिएको रू. | १,२६०,००० |
| १३ | | | **तलबि प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको शुरू.तलव तलव प्रदेश सरकारले तोके बमोजिम र त्यसरी नतोके सम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका स्वास्थ्य तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलव स्केल तथा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>४बस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । यो परीक्षण सूचि NAMS लागु हुनु अगावै लेखापरीक्षण भइ प्रारम्भिक प्रतिवेदन जारी भएका कार्यालयका लागि तयार गरिएको हो । जारी भैसकेको प्रतिवेदनको अग्रखण्ड र अन्त खण्ड बाहेक अन्य दफाहरु यहाँ क्रमसः चढाउनु होला । यस परीक्षणसूचि समूहमा ५ बुँदा मात्र रहेकाले प्रारम्भिक प्रतिवेदनमा भएका दफाको संख्या अनुसार ५ ले भाग जाने संख्यामा sample size बनाउनु होला । उदाहरणका लागि कुनै कार्यालयमा २३ दफा भएको प्रारम्भिक प्रतिवेदनमा अग्रखण्डमा २ दफा र अन्तखण्डमा २ दफा रहेछ भने यहाँबाट १९ दफा समावेश गर्नुपर्ने हुन्छ । १९ दफाका लागि ५ परीक्षणसूचि भएका ४ नमूना बनाउनु पर्दछ । == यो परीक्षण सूचि NAMS लागु हुनु अगावै लेखापरीक्षण भइ प्रारम्भिक प्रतिवेदन जारी भएका कार्यालयका लागि तयार गरिएको भएता पनि निम्न प्रकारका कार्यालयमा पनि यो उत्तिक्कै लागु गर्न सकिन्छः १ संगठित संस्था निर्देशनालयबाट हुने लेखापरीक्षण नियुक्ति भएका लेखापरीक्षणहरु NAMS मा ल्याउन [तरीका माथिकै लागु हुन्छ] २ लेखापरीण टोलीका सबै सदस्यहरुले NAMS मा तालिम लिन नपाएको वा लिएको तालिमले काम गर्न असहज भएको अवस्था परेमा त्यस्तो कार्यालय [पहिलो वर्ष हरेक कार्यालयमा यो परीक्षण सूचि छान्नुहोला] | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>७</td><td>७</td><td>४</td><td>३</td></tr></table> | |
| १६ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १5 वटा ऐन, 5 वटा नियमावली, 22 बटा कार्यबिधि, १ वटा निर्देशिका र १ वटा आचारसंहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><table><tr><th>विवरण</th><th>जम्मा</th></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>1</td></tr><tr><td>**पञ्जिकरणतर्फ**</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>1215</td></tr><tr><td>मृत्युदर्ता</td><td>167</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>384</td></tr><tr><td></td><td></td></tr></table> | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | विवाह दर्ता | 250 | | |
| | | | | सम्बन्धविच्छेद दर्ता | 0 | | |
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | नभएको | | |
| | | | | कालोपत्रे सडक मर्मत | नभएको | | |
| | | | | ग्राभेल सडक निर्माण | नभएको | | |
| | | | | ग्राभेल सडक मर्मत | नभएको | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७5÷७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><td>रू.१ लाख सम्म</td><td>रू.१ लाख देखि २ लाखसम्म</td><td>रू.२ लाखदेखि ५ लाखसम्मका</td><td>रू.५लाख देखि १० लाखसम्मका</td><td>रू.१० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>70</td><td>72</td><td>49</td><td>23</td><td>8</td><td>222</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष 222 वटा योजना संचालन गरेकोमा रू.१ लाख भन्दा कमका 70 वटा अर्थात 31.53 प्रतिशत योजनाहरू रहेका छन् । साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत कायम नहुने भएकोले यसतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरू मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोरामा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको बैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| १९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म अनुसार १5 वटा ऐन, 5 वटा नियमावली, 22 बटा कार्यबिधि, १ वटा निर्देशिका र १ वटा आचारसंहिता सहित 44 वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 2 र यो बर्ष थप भएको ८ गरी कुल 10 विवाद दर्ता भएकोमा 7 वटा मात्र फछ्र्यौट भई 3 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **कार्यसञ्चालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । एम्बुलेन्स संचालन तथा टिप्पर तथा डोजरहरू निजी निर्माण व्यवसायीहरुलाई भाडामा लगाउने कार्य गर्दै आएको छ । कार्यपालिकाबाट सम्बन्धित कार्यविधि स्वीकृत गराएर निर्धारित प्रक्रिया अनुरुप कार्य गराई स्थानीय कार्य सञ्चालन पद्दति व्यवस्थित र संस्थागत बनाउनु पर्दछ ।<br>**क्र स** — **कार्यक्रमको नाम**<br>१ — नगर ऐम्वुलेन्स संचालन कार्यक्रम<br>२ — गाउँपालिकाको टिप्पर डोजर लगाएतको सम्पत्ति भाडामा लगाउने कार्यविधि | |
| २२ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा 3 को उपदफा 1 सँग सम्वन्धित अनुसूचि 1 (क) मा पदाधिकारीका लागि सुविधको व्यवस्था गरेको छ । बुँदा नं. 3 मा वडाअध्यक्षहको लागि संचार खर्च रु. 3500। प्रतिमहिना व्यवस्था भइ सोही बमोजिम पालिकाले भुक्तानी दिदै आएकोमा देखएका व्यहोरा निम्नानुसार छन: | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष/७ जना | कार्यपालिका सदस्य/ ६ जना | सभासदस्य/24 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 19000 | 19000 | 101000 | 99000 | 0 | 238000 |
| २ | यातायात खर्च | 120000 | 108000 | 0 | 0 | 0 | 228000 |
| ३ | टेलिफोन मोवाइल | 72000 | 60000 | 294000 | 216000 | 576000 | 1218000 |
| ४ | पुस्तक/ पत्रपत्रिका/ इन्टरनेट | 60000 | 54000 | 336000 | 216000 | 576000 | 1242000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 504000 | 360000 | 864000 | 1920000 |
| ६ | अतिथी सत्कार | 120000 | 108000 | 588000 | 0 | 0 | 816000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>खानेपानी विजुली सरसफाई</td><td>42000</td><td>36000</td><td>168000</td><td>144000</td><td>288000</td><td>678000</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>25000</td><td>22500</td><td>112000</td><td>54000</td><td>168000</td><td>381500</td></tr>
<tr><td></td><td>जम्मा</td><td>566000</td><td>491500</td><td>2103000</td><td>1089000</td><td>2472000</td><td>6721500</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पदाधिकारी थप सुविधा<br>सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा 3 को उपदफा 1 सँग सम्वन्धित अनुसूचि 1 (क) मा पदाधिकारीका लागि सुविधको व्यवस्था गरेको छ । बुँदा नं. 3 मा वडाअध्यक्षहको लागि संचार खर्च रु. 3500। प्रतिमहिना व्यवस्था भइ सोही बमोजिम पालिकाले भुक्तानी दिदै आएकोमा देखएका व्यहोरा निम्नानुसार छन:</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>.नं. 15-077/6/28 बाट वडा नं. 7 का अध्यक्ष श्री हर्क बहादुर विष्टले रु.2900।संचार खर्च भुक्तानी भएकोमा पदाधिकारीको सुविधा प्राप्त हुँदाहुदै यस्तो भुक्तानी दोहोरो पर्ने हुँदा असुल हुनुपर्ने देखिएको रु.<br>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २९००। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | भौचर नं. 415-078/3/15 बाट संचार खर्च वडा नं. 5 का अध्यक्ष श्री रामचन्द्र राणालाई रु 15000। भुक्तानी भएको देखिएकोमा सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा 3 को उपदफा 1 सँग सम्वन्धित अनुसूचि 1 (क) मा भएको व्यवस्था विपरीत दोहोरो पर्न गएको देखिएकोले असुल हुनुपर्ने रु.<br><br>**<u>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १५००० मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</u>** | |
| २४ | | | **मोबाइल खर्च**<br>सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा 3 को उपदफा 1 सँग सम्वन्धित अनुसूचि 1 (क) मा स्थानीय तहका पदाधिकारीहरुलाई दिने सुविधामा टेलिफोन मोवाइल खर्च मासिकरुपमा दिने उल्लेख छ । सोही बमोजिम पालिकाले उपाध्यक्षलाई मासिक 5 हजार र वडा अध्यक्षलाई मासिक रु. 3500। उपलब्ध गराएकोमा भौचर नं. 6-077/6/27 बाट उपाध्यक्षको लागि रु. 28000। र भौचर नं. 7-078/6/27 बाट वडा नं. 1 का अध्यक्षका लागि रु. 28000। को मोवाएल खरिद गरेको देखियो । प्रदेश कानूनमा व्यवस्था भएअनुसार टेलिफोन मोवाइल खर्चको अतिरिक्त मोवाइल खरिद खर्च लेख्नु दोहोरो देखिएकोले असुल गर्नुपर्ने देखिएको रु.<br><br>**<u>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५६०००। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</u>** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । व्यक्तिगत सहायक 1 जनालाई नियुक्त गरी मासिक क्रमश: रु. 17000। का दरले जम्मा रू. 204000। भुक्तानी भएको छ । ऐन नियम भन्दा फरक गरी खर्च भएको र अनियमित देखिएको कार्यको आवस्यक नियन्त्रण गरी नियमित गर्नु पर्ने रु. | २०४,००० |
| २६ | | | **बैठक भत्ता**<br>सुदुरपश्चिम प्रदेशको स्थानि यतहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि संशोधन गर्न बनेको ऐन २०७५ को अनुसुचि (१) को दफा ३ को उपदफा १ मा गाउँ पालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँ कार्यपालिका का सदस्यले मात्र प्रति महिना दुई बैठकको भत्ता लिन पाउने व्यवस्था गरेकोमा वडानं ४ को वडा समितिले समेत श्रावण देखि माघ महिनासम्मको थप बैठक भत्ता देहाय बमोजिम भुक्तानी भएको देखिएकोले सो रकम सम्वन्धित पदाधिकारिहरुवाट असुल उपर गर्नुपर्ने रु. | |

| क्र.सं | नामथर | दर्जा | दररु | जम्माबैठक सङ्ख्या | जम्मा | असुल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री जयबहादुर धामि | वडाअध्यक्ष | १००० | १३ | १३००० | ११०५० |
| २ | श्री प्रमिला परियार | वडा सदस्य | १००० | १३ | १३००० | ११०५० |
| ३ | श्रीघनश्याम जोशि | वडा सदस्य | १००० | १३ | १३००० | ११०५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>श्रीबसन्ता वम खड्का</td><td>वडा सदस्य</td><td>१०००</td><td>१३</td><td>१३०००</td><td>११०५०</td></tr>
<tr><td>५</td><td>श्री गोपालकामी</td><td>वडा सदस्य</td><td>१०००</td><td>१३</td><td>१३०००</td><td>११०५०</td></tr>
<tr><td>६</td><td>श्रीजनकबहादुर कठायत</td><td>वडा सचिव</td><td>१०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>७</td><td>श्रीडम्वरलाल भट्ट</td><td>वडा सचिव</td><td>१०००</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>८</td><td>श्री कमलबहादुर हमाल</td><td>वडा सचिव</td><td>१०००</td><td>८</td><td>८०००</td><td>६८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>65450</td></tr>
</table>
<u>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ६५४५०। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</u>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आर्थिक सहायता<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. आर्थिक सहायताको लागि रु. 150000। बजेट विनियोजन गरी 40 जनालाई न्यूनतम रु. 2 हजार देखि अधिकतम रु. 29000। सम्म जम्मा रू. 350000। आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको पालना गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा (82) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । यो वर्ष पालिकाले नियमावलीमा तोकिएको ५ लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक आर्थिक वर्षमा गरिएका निम्नानुसारको पटक पटकको खरिदबाट उक्त सीमा नाघेको अवस्था छ ।खरिदलाई यथासम्भव खुला र प्रतिस्पर्धात्मक बनाउनु पर्दछ ।

<table>
<tr><th>भौचर नं./मिति</th><th>विवरण</th><th>आपूर्तक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>4-077/6/27</td><td>स्टेशनरी सामान</td><td>जय वेताली स्टेशनरी एण्ड सप्लायर्स</td><td>417478.0</td></tr>
<tr><td>371-078/3/8</td><td>स्टेशनरी सामान</td><td>आयुष्मान स्टेशनरी एण्ड सप्लायर्स</td><td>498951.0</td></tr>
<tr><td>5-077/6/27</td><td>कार्यालय सामान</td><td>गौतम इन्टरप्राइजेज</td><td>123874.0</td></tr>
<tr><td>258-078/1/12</td><td>कार्यालय सामान</td><td>गौतम इन्टरप्राइजेज</td><td>172946.0</td></tr>
<tr><td>135-078/3/17</td><td>कार्यालय सामान</td><td>गौतम इन्टरप्राइजेज</td><td>316735.0</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **लागत अनुमान**<br>सार्वजनिक खरिद ऐन, 2063 को दफा ५ मा निर्माण कार्य बाहेक रु. 1 लाख भन्दा बढीको सार्वजनिक निकायले खरिद गर्नुपर्दा लागत अनुमान बनाउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिमको खरिद गर्दा लागत अनुमान तयार गरेको देखिएन । सामानहरु खरिद गर्दा स्पेशिफिकेशन नखुलाएको विजक लिई जिन्सी दाखिला गरेको देखियो । स्पेशिफिकेशन नखुलाई सामान प्राप्त गर्दा सामानहरु फेरवदल हुनसक्ने तथा मूल्य पहिचान गर्न नसिकने हुँदा स्पेशिफिकेशन सहित जिन्सी अद्याविधिक गर्नुपर्दछ । | |

| भौ.नं./मिति | विवरण | फर्मको नाम | रकम रु |
|---|---|---|---|
| गापा.पू.2-077/6/27 | इलेक्ट्रोनिक्स सामान | उग्रतारा टेक्नीकल गुड्स सप्लाई | 226563.87 |
| गापा.पू.3-077/6/27 | इलेक्ट्रोनिक्स सामान | कान्तिपुर ट्रेडिङ हाउस | 387251.0 |
| 33-077/6/29 | योजना सम्वन्धी सफ्टवेयर | थ्याङ्क्यू विजनेश | 498499.0 |
| 34-077/6/29 | योजना सम्वन्धी सफ्टवेयर | उग्रतारा ट्रेडिङ एण्ड सप्लायर्स | 140000.0 |
| | जम्मा | | 1252313.87 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 28 मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको खरिद गर्दा ऐन बमोजिम दाखिला गरेको, वितरण गरेको र नापजाँच गरेको प्रमाण पेश भएको नदेखिएकोले तल उल्लेखित प्रमाण पेश गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.स.</th><th>भौ.नं./ मिति</th><th>विवरण</th><th>रकम</th><th>प्रमाण पेश हुनुपर्ने</th></tr>
<tr><td>१.</td><td>133-078/2/17</td><td>57।80 बण्डल जस्तपाता र प्लेन सिट खरिद</td><td>790567</td><td>प्रयोग भएको घरको नापी भएको प्रमाण र भरपाई</td></tr>
<tr><td>२.</td><td>137-078/2/21</td><td>वासुदेव आवि फर्निचर खरिद</td><td>336000.0</td><td>विद्यालयमा आम्दानी भएको प्रमाण पेश गर्नुपर्ने</td></tr>
<tr><td>३.</td><td>182-078/3/8</td><td>ग्याविन जाली 2*1*1 कझ 130 थान खरिद</td><td>497256</td><td>प्रयोग भएको स्थानको नापी भएको प्रमाण/भरपाई</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>1623823</td><td></td></tr>
</table>

**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १६२३८२३। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>डीपीआर खर्च<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr>
<tr><td>गाउँपालका मुख्य प्रशासनिक भवन</td><td>राइजिङ नेपाल रिसर्च एण्ड कन्सल्टिङ प्रा.लि</td><td>1196670.0</td></tr>
<tr><td>वडा नं 3,5र६ मुख्य प्रशासनिक भवन</td><td>आइरिस इन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि.</td><td>958500.0</td></tr>
<tr><td>पर्यटन गुरु योजना</td><td>कम्प्लेक्स स्टडी एण्ड रिसर्त प्रा.लि.</td><td>991010.0</td></tr>
<tr><td>रुरल रोड ट्रान्सपोर्ट मास्टर प्लान</td><td>के.एस. इन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि.</td><td>1986540.0</td></tr>
<tr><td>वसपार्क डि.पि.आर.</td><td>एम.एस. इन्जिनियरिङ कन्सल्टीङ एण्ड कन्ष्ट्रक्सन</td><td>498895.0</td></tr>
<tr><td>जम्मा:</td><td></td><td>5631615.0</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **अन्य आम्दानी तथा खर्च**<br>पालिकाले विकास गर्न तथा आम्दानी बढाउनको निमित्त डोजर १ एम्वुलेन्स 1 र टिपर १ खरिद गरेको देखियो । उपलब्ध विवरण अनुसार देहाय बमोजिम आम्दानी तथा खर्च भएको छ ।<br><br>विवरण \| खर्च \| आम्दानी<br>डोजर 1 \| 838642.51 \| 1739455.0<br>एम्वुलेन्स \| 360000.0 \| 518700.0<br>ट्रिपर 1 \| 0 \| 0<br>जम्मा \| 1198642.51 \| 2258155<br><br>विवरण अनुसार डोजरबाट खर्चको तुलनामा रु. 900812।, एम्वुलेन्सले रु. 158700। आम्दानी गरेको छ भने ट्रिपरबाट कुने खर्च तथा आम्दानी भएको देखिएन । लेखापरीक्षणको समयमा ट्रिपर कार्यालय परिसरमा लामो समयदेखि प्रयोगविहिन भएको अवस्थामा देखियो । कार्यालयमा आवश्यकता नहुने भएमा खरिद कानून बमोजिम बाइव्याक गरी अन्य प्रयोग गर्न सकिने साधनहरु खरिद गरी न्यूतम खर्चबाट अधिकतम उपलब्धी हुने गरी मेशिनरी सामानहरु संचालन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सार्वजनिक निर्माण कार्य स्वीकार गर्दा प्राविधिक स्पेसिफिकेशन अनुरुपको गुणस्तर कायम रहेको हुनु पर्ने व्यवस्था छ ।निर्माण कार्यको प्राविधिक स्पेसिफिकेशनमा गुणस्तर आस्वास्थता योजना पेश गर्ने र सोही योजनाको कार्यान्वयन हुनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न भवन तथा अन्य संरचना निर्माणमा प्रयोग भएका डण्डी गिटि वालुवा ईटा सिमेण्ट लगायतका निर्माण सामाग्रीहरुको गुणस्तर परिक्षण गरेको देखिएन । प्राविधिक स्पेसिफिकेशन अनुसार सबै निर्माण सामाग्रीहरुको गगुणस्तर परीक्षण गरी गुणस्तर प्रति आश्वस्त हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **पाइप खरिद**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट पाइप तथा ग्याविन खरिद गरी खर्च लेखेकोमा पाईपकोकोमाग विवरण तथा लागत अनुमान र नाप जाँच सहित खपतको प्रमाण संलग्न छैन । के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको प्रमाण पेश हुनु पर्ने रू. | २३१,१४२ |

| **क्र स** | **विवरण/फर्मको नाम** | **खरिद भएको सामान** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | वडा नं. 4 | पाइप खरिद | 383406.0 |
| 2 | वडा नं. 1 जे.एस.सप्लायर्स | एचडिइपी पाइप खरिद | 429354.0 |
| 3 | वडा नं. 2 | पाइप खरिद | 196216.0 |
| | जम्मा | | 1008976.0 |

**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको वडा नं. ४ को रु.३४८४८०।- र वडा नं. १ को ४२९३५४ समेत गरी रु ७७७८३४। मिति २०७८।८।१२ मा फछ्यौंट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **आयको अनुमान**<br>२स्थानीय<br>सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. 86 लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७8 मा रू. 38 लाख 74 हजार अर्थात अनुमान भन्दा करिब 45 प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |
| ३७ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७७।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: 361027127; आन्तरिक आय: 3874863.98; आन्तरिक आय प्रतिशत: 1.07<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 1.07 प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 361027127 | 3874863.98 | 1.07 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| ३९ | | | **राजश्व दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७7।७8 मा गाउँपालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४१ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । आर्थिक वर्ष २०७7।७8 मा गाउँपालिकाले रु. 2 लाख अनुमान गरेकोमा रु. 52200। अर्थात 26.10 प्रतिशतमात्र संकलन गरेको देखियो । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४२ | | | **डोजर, टिपर, एक्साभेटर मर्मत**<br>गाउँपालिकामा रहेको डोजर 1 वटा, एम्वुलेन्स 1 वटा र टिपर १ वटा रहेको देखियो । डोजरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रू. 838642।51 खर्च गरेकोमा उक्त डोजर भाडामा लगाए बापत कार्यालयले रू. 1739455। मात्र आम्दानी गरेको छ भने गाउँपालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । एम्वुलेन्सको यस वर्ष खर्च रु. 360000। र आम्दानी रु. 518700। गरेको भएपनि टिपरबाट कुनै पनि आम्दानी गरेको देखिएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **न्यून डोजर भाडा दर**<br>स्थानीय तहले सडकको माटो खन्ने कामका लागि लागत अनुमान तयार गर्दा माटो काट्ने कामको मेशिनको भाडा दर प्रति घण्टा रू. ७८४०। कायम गरी लागत अनुमान तयार गर्ने गरेको छ तर गाउपालिका आफै सँग रहेको जेसिवि डोजर प्रति घण्टा रू.१५००।मा भाडामा अन्य निर्माण व्यवसायीहरुलाई उपलब्ध गर्ने गरेको देखीयो । जस अनुसार ईन्धन तथा अपरेटर खर्च समेत गर्दा पालिकाको डोजरको लागत प्रति घण्टा अधिकतम रू. ३०००। हुन जाने देखिन्छ । यो वर्ष डोजरको लगबुक तथा भाडामा लगाएको विवरण नराखे बाट कति घण्टा डोजर भाडामा लगाइयो एकिन हुदैन । डोजरबाट प्राप्त आम्दानी रू. १1739455। लाई आधार मान्दा वर्ष भरीमा १160 घण्टा अर्थात 96.5 घण्टा मासिक भाडामा लगाएको देखिन्छ । यसरी बजार दरमा भाडामा नलगाई धेरै न्यून दरमा भाडामा लगाए वापत पालिकाको रू. 8920445। राजस्व गुमेको अवस्था छ । पालिकाबाट संचालित सडक निर्माणका योजनाहरुको लागि बढि दरमा निर्माण व्यवसायीहरुको मेशिन लगाउने तर आफ्नो मेशिन अति सस्तो दरमा भाडा दिने पालिकाको निर्णयको आधार प्रमाणित हुनुपर्दछ । आर्थिक वर्षको शुरुमा डोजरको दर बढाबढमा ठेक्का आहवान गरी बजारको प्रतिस्पर्धात्मक दरमा भाडामा लगाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्राविधिक बिल र कार्यसम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य समपन्न प्रतिवेदनमा कार्य समपन्न गर्नुपर्ने मिति र कार्य समपन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले समपन्न गर्नुपर्ने र तोकिएको अवधिमा समपन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। | |
| ४५ | | | **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले समपन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम समपन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काम निर्माण व्यवसायीबाट गराएको देखियो । उपभोक्ता समिति सँग | ४,३०६,०९६.४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको प्रावधान विपरित देखिएको रू. | |

| क्र स | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम |
|---|---|---|---|---|
| १ | मुरेडा अल्लेवन सडक निर्माण | 957154.48 | आर.डि. कन्ष्ट्रक्सन 300510232 | 957154.48 |
| 2 | देवस्थल घट्टेखोला सडक स्तरोन्ती | 668990.0 | आर डि कन्ष्ट्रक्सन 300510232 | 668990.0 |
| 3 | अल्लेवन महादेव सडक निर्माण | 958686.0 | आर के कन्ष्ट्रक्सन 302524857 | 958686.0 |
| 4 | ठडेलमाण्डौ सडक निर्माण | 1052119.0 | भवानी निर्माण सेवा 300389382 | 1052119.0 |
| 5 | लेकगडा मौडा सडक योजना | 669147.0 | एनके कन्ष्ट्रकस्सन एण्ड सप्लायर्स 303077277 | 669147.0 |
| | जम्मा | 6191897.48 | | 4306096.48 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४७ | | | **दर विश्लेषण**<br>लागत अनुमान बनाउदा निर्धारित नर्म्सको आधारमा तयार गरी सोही बमोजिम खरिद सम्झौता गर्नुपर्दछ । पालिकाले राजपुर भुमिराजमाण्डौ सडक खन्ने कार्यको लागत अनुमान तयार गर्दा सफ्ट रकको आइटम रु. 315। ले तयार गरी कोटेशन मार्फत ओम सिमाइल कन्ष्ट्रक्सन एण्ड सप्लायर्सबाट कार्य गराएकोमा सफ्ट रकको भाग 184.5 घनमिटर रु.400। को दरले प्राविधिक विल उठाइ रु. 73931।20 भुक्तानी गरेको देखियो । लागत अनुमान भन्दा प्रति घनमिटर रु. 85। का दरले हुने रु. 17722।(भ्याट सहित) असुल हुनुपर्दछ । | १७,७२२ |
| ४८ | | | **हेभि इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **जटील संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू.मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्प**m**त् गराउन उपयुक्त हुने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **व्यक्तिलाई पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 49 मा बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पाठाउनु पर्ने भएमा अधिकार प्राप्त अधिकारीले कारण उल्लेख गरी पेश्की दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका कारोबारमा बिक्रेताबाट सोझै खरिद गरी विधुत्तीय माध्यम मार्फत भुक्तानि गर्न सकिने अवस्थामा कर्मचारी तथा पदाधिकारीलाई पेश्की दिएको देखियो । यसरी भुक्तानी दिँदा सम्वन्धितले प्राप्त गरेको प्रमाण संलग्न नरहेको हुँदा भुक्तानी ठीक छ भन्ने आधार देखिएन । यस सम्बन्धमा देखियको केहि उदाहरण निम्न छन् । यस्तो कार्यमा पूर्णतया नियन्त्रण गर्नुपर्दछ ।<br><br>क्रस \| विवरण \| बिक्रेताको नाम \| रकम रु<br>1. \| भौ.नं. 40-078/3/18 बाट कृषि प्राविधिक यज्ञ बहादुर रावल \| साजन एग्रोभेट सेन्टर \| 100500.0<br>2. \| भौ.नं. 492-078/3/24 बाट प्रेम सिंह दमाई \| गौतम इन्टरप्राइजेज र आकाश ट्रेडिङ \| 110511.0<br> \| जम्मा \| \| 211011.0<br><br>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २११०११ मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ५१ | | | **खर्चमा मितव्ययीता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2075 को दफा 24 को उपदफा 2 मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी | ८४,६७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका क्रियाकलाप गर्दा आर्थिक रुपले कम खर्च हुने गरी गरेको देखिएन । मोटरसाइकल बनाउन नजिकको पहुँच हुदा हुदै धनगढीसम्म दैनिक भ्रमण भत्ता स्विकृत गराई जाने, प्रशासनिक कार्यमा जनप्रतिनिधिहरुलाई भ्रमण आदेश स्वीकृत गराई खर्च लेख्ने, कामको प्रयोजन नखुलाई सरकारी कामकाज उल्लेख गरी भ्रमण खर्च लेख्ने जस्ता कार्यहरु देखियो । स्पष्ट आधार, कामको आवश्यकता, कामको गुणस्तरता कायम हुने गरी खर्च मित्वयीता अपानाउनुपर्ने देखियो । साथै देहायको खर्च मितव्ययी नदेखिएको रु. | |

| क्र.स. | नाम | विवरण | मिति | खर्च रु |
|---|---|---|---|---|
| भौचर नं. 550-078/3/29 | | | | |
| 1. | वडा अध्यक्ष वडा नं. 3 श्री रत्न बहादु कुँवर | धनगढी भ्रमण गरेको उल्लेख भएता पनि भ्रमण उद्वेश्य उल्लेख नभएको | 077/12/19-25 | 7500.0 |
| 2. | वडा अध्यक्ष वडा नं. 3 श्री रत्न बहादु कुँवर | कार्यालयको कामकाज उल्लेख भएता पनि के काम को नखुलाएको | 078/3/16-22 | 7500.0 |
| 3. | नरिमान लुहार | कार्यालयको कामकाज उल्लेख भएता पनि के काम को नखुलाएको | | 23300.0 |
| 4. | वडा अध्यक्ष वडा नं. 7 श्री हर्क बहादुर विष्ट | महिला तथा वालवालिका तालिममा सहभागी हुँदा दै भ बुझेकोमा तालिम प्रदायकले खर्च नलेखेको प्रमाण नभएको | | 7500.0 |
| 5. | वडा नं. 5 अध्यक्ष | कामको विवरण नखुलाइ दिपायल भ्रमण खर्च | 077/6/13-19 | 6650.0 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | श्री सोपान सिंह रावल | भुक्तानी लिएको | | | |
| | | | 6. | वडा नं. 5 अध्यक्ष श्री सोपान सिंह रावल | कामको विवरण नखुलाइ दिपायल भ्रमण खर्च भुक्तानी लिएको | 077/4/7-4/11 | 4650.0 | |
| | | | 7. | वडा नं. 5 अध्यक्ष श्री सोपान सिंह रावल | कामको विवरण नखुलाइ दिपायल भ्रमण खर्च भुक्तानी लिएको | 077/10/11-10/17 | 6650.0 | |
| | | | 8. | कार्यापालिका सदस्य श्री गिता देवी शाही | कामको विवरण उल्लेख नखुलाएको | 077/11/14-11/20 | 6950.0 | |
| | | | 9. | कार्यापालिका सदस्य श्री गिता देवी शाही | कार्यालयको कामकाज उल्लेख भएता पनि के काम को नखुलाएको | 077/12/10-12/16 | 6920.0 | |
| | | | 10. | कार्यापालिका सदस्य श्री गिता देवी शाही | कार्यालयको कामकाज उल्लेख भएता पनि के काम को नखुलाएको | 078/2/20-2/26 | 7050.0 | |
| | | | | | जम्मा | | 84670.0 | |
| ५२ | | | **औषधि खरिद** | | | | | |



https://nams.oag.gov.np

| ५२.१ क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी देहायबमोजिम औषधि सोझै खरीद गरेको छ ।

| भौ.नं. र मिति | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| 7-077/6/28 | लोकहित मेडिसिन सप्लायर्स | 499025.0 |
| 35-077/9/21 | प्रिमियम मेडिसिन सप्लायर्स | 599383.0 |
| 94-078/2/22 | सुयोग्य फार्मेशी | 424514.0 |
| 169-078/3/22 | सुयोग्य फार्मेशी | 139984.0 |
| 29-078/2/23 | सुयोग्य फार्मेशी | 499681.0 |
| 46-078/3/17 | सितारा ट्रेडिङ एण्ड सप्लायर्स | 200000.0 |
| 10-078/1/21 | न्यू चाद ट्रेडिङ एण्ड सप्लायर्स | 300015.0 |
| जम्मा | | 2662602.0 |

औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट Specification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती,



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२.२ | | | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लोगो समेत लगाएको देखिएन । | |
| ५२.३ | | | तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 307 जनालाई रोजगारी उपलव्ध गराई रू. 15475415।94 खर्च गरेको छ । लक्षित वर्गलाई 97 दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।सार्वजनिक स्रोतको वितरण भन्दा उपयोगमा बढी ध्यान जानु पर्दछ ।

<table>
<tr><th>वडा नं.</th><th>कार्यक्रम/योजना संचालन</th><th>रोजगार संख्या</th><th>रोजगारी प्राप्त गरेको दिन</th><th>पारिश्रमिकमा खर्च भएको रकम</th><th>कुल खर्च</th></tr>
<tr><td>1</td><td>4</td><td>40</td><td>3991</td><td>891060</td><td>2063451.23</td></tr>
<tr><td>2</td><td>3</td><td>37</td><td>3593</td><td>0</td><td>1857670.31</td></tr>
<tr><td>3</td><td>5</td><td>49</td><td>4894</td><td>0</td><td>2530374.92</td></tr>
<tr><td>4</td><td>7</td><td>57</td><td>5688</td><td>0</td><td>2941003.19</td></tr>
<tr><td>5</td><td>5</td><td>48</td><td>4172</td><td>0</td><td>2156937.05</td></tr>
<tr><td>6</td><td>4</td><td>34</td><td>3398</td><td>0</td><td>1757166.44</td></tr>
<tr><td>7</td><td>6</td><td>42</td><td>4195</td><td>0</td><td>2168812.8</td></tr>
<tr><td colspan="2"></td><td>307</td><td>29933</td><td>891060</td><td>15475415.94</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिक भुक्तानी**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजम श्रमिकको बैँक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका सबै योजनाको ज्याला 15475415। सम्बन्धित श्रमिकको वैँक खातामा भुक्तानी भुक्तानी गरेको छ । | |
| ५५ | | | **कन्टिजेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । गाउँपालिकाले कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कार्यक्रमगत कन्टिन्जेन्सी खाता अद्यावधिक गरी कन्टिन्जेन्सी खर्च व्यवस्थापन हुनु पर्दछ। | |
| ५६ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य समपन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य समपन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले निर्माण कार्यको अन्तिम रनिङ् विल भुक्तानी पश्चात कार्य स्वीकार जारी गर्नु पर्नेमा कार्य समपन्न प्रतिवेदन जारी गरेको देखियो । कानूनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **सुपथ मुल्य पसल**<br><br>पालिकाले सुपथ पसल संचालन सम्वन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, 2075 मा यस पालिका अन्तर्गत रहेका 7 वटा वडाहरु सहकारी मार्फत प्रति परिवार अधिकतम 5 केजी चिनी र 3 केजी नुन दशैको समयमा उपलब्ध गराउन चिनीमा प्रति केजी रु. 8। र नुनमा प्रति केजी रु. 10। अनुदान प्रदान गर्ने उल्लेख छ । साथै सहारी संस्थालाई बजारबाट चिनी तथा नून वितरण केन्द्र सम्म ढुवानी गरे वापत रु. 3। प्रतिकेजी र सहकारी संस्थालाई वितरण गरे वापत रु. 5 प्रति केजी अनुदान निर्धारण गरेको छ । यसरी हेर्दा चिनीमा वजार भाउ भन्दा प्रति केजी रु 8। र नुनमा रु. 10। उपभोक्तालाई कम पर्ने र पालिकालाई प्रति केजि चिनीमा रु 16। र नुनमा रु.18। ब्ययभार पर्ने देखिन्छ । यस्तो खर्च आर्थिक वर्ष 2076/77 मा रु. 604578। र आर्थिक वर्ष 2077/78 मा रु 899060। रहेको छ । कार्यक्रमको उद्वेश्य सस्तो मूल्यमा नागरिकलाई सामान उपलब्ध गराउने भएतापनि यो कार्यक्रमले वर्षमा एक पटक प्रति परिवार अधिकतम 5 केजी चिनी र ३ केजी नुन मात्र उपलब्ध गराउने देखियो । यसबाट नागरिकमा कार्यक्रमले खास असर पारेको देखिदैन भने पालिकाको वित्तिय भार बार्षिक बढ्दै गएको देखिन्छ । नागरिकलाई सधैभरी चाहिएको परिमाणमा उपलब्ध हुने गरी बजार मूल्य भन्दा सस्तो पर्ने तथा पालिकालाई आर्थिक बोझ नपर्ने गरी विभिन्न पालिकाहरुले ल्याएका पैचो पसल जस्ता हितकारी कार्यक्रम संचालन गर्नेतर्फ पालिकाको ध्यान जान जरुरी देखिन्छ ।<br>साथै यस आर्थिक वर्षमा संचालन भएको सुपथ मूल्य पसलको लागि भौचर नं. 408-078/3/14 बाट रु. 899060। भुक्तानी दिएकोमा 25000 केजी चिनीको लागि रु. 10 प्रति केजीको दरले गणना गरेको देखियो। निर्देशिका बमोजिम चिनीमा रु. 8 प्रतिकेजीको दरले दिनुपर्ने व्यवस्था रहेकोमा रु. 10 प्रतिकेजीको दरले भुक्तानी भएको देखिएकोले 25000 केजीको रु. 2 प्रतिकेजी बढीले हुने रु. 50000। असुल हुनुपर्दछ।<br><br>**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 50000। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **स्रोत व्यक्ति सट्टा शिक्षक**<br>संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७8 अनुसार खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई कार्यपालिकाको मिति २०७6 साल देखि शिखर नगरपालिकामा वडा नं. 1 मा रहेको केदारेश्वर माध्यमिक विद्यालयका कपल्लेका शिक्षक तथा तत्कालिन स्रोतव्यक्ति श्री नर बहादुर शाही र यसै पालिकामा रहेको श्री इन्द्र मा. वि. लेकगडा 2 का शिक्षक तथा स्रोत व्यक्ती श्री शेर बहादुर बोगटीलाई गाउँपालिकामा काजमा राखेको देखियो । निजको स्थानमा सट्टा शिक्षक राखी केदारेश्वर मा.विमा रु. 35990। को दरले 12 महिनाको तलब भत्ता रु 431880। र इन्द्र मा.वि. मा रु. 28200। को दरले 12 महानाको तलब भत्ता रु. 335016। सहित जम्मा रु. 766896। भुक्तानी गरेको छ । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रू. 766896। तलब भत्ता भुक्तानी भएको छ । साथै स्थानीय सेवा शिक्षा तर्फको स्विकृत दरवन्दी अनुसारका शिक्षा अधिकृत र प्राविधिक सहायक पदपूर्ति समेत भैसकेको देखिएकोले सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रू. | ७६६,८९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **बढी ग्रेड भुक्तानी**<br><br>तलवी प्रतिवेदनमा पारीत तलव बमोजिम खर्च लेख्नुपर्दछ । पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाई निम्मनानुसार बढी ग्रेड वार्षिक रुपमा भुक्तानी गरेको देखिएकोले असुल हुनुपर्ने देखिएको रु. | |

| क्रस | विद्यालयको नाम | शिक्षकको नाम | पारीत ग्रेड | भुक्तानी ग्रेड | दर | 10 प्रतिशत संचयकोष सहित 13 महिनाको हुने रकम |
|---|---|---|---|---|---|---|
| **1.** | महुन्याल आ.वि. | मिन बहादुर वम | 6 | 7 | 940 | 13442 |
| **2.** | वासुदेव आ.वि. | पदमराज भट्ट | 6 | 7 | 940 | 13442 |
| **3.** | झिमेमालिका मावि वायल | डिल्लीराज जोशी | 6 | 7 | 940 | 13442 |
| **4.** | शोभा आवि वालवाङ | दल बहादुर कुँवर | 6 | 7 | 940 | 13442 |
| | जम्मा | | | | | 53768.0 |

कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५३७६८ मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **भ्रमण खर्च**<br>सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छनः<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अध्यावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नम्बर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, एकै लाभग्राहीलाई २ परिचय पत्रबाट रकम भुक्तानी गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरेको देखिन्छ । | |
| ६३ | | | **पेश्कि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजात सहितको प्रतिवेदन सहित सम्वन्धित कार्यालयमा पेश गरी फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण बमोजिम भरत बहादुर बमको नाममा व्यक्तिगत घटना दर्ता रु. 197000। पेश्की बाँकी रहेको देखियो । कानून बमोजिम समयमा पेश्की फर्छ्यौट गर्नुपर्दछ । | |
| ६४ | | | **आन्तरिक लेखापरीक्षणको बेरुजु**<br><br>**आन्तरिक लेखापरीक्षणको वेरुजुः** प्रदेश आर्थिक कार्यविधि नियमावलीको नियम ९६(३)अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गरा इ वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्ने असूल उपर गरी वेरुजु लगत कट्टा गराउनु पर्ने उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भ्रमण खर्च नियमावली,२०६४ नियम १० को उपनियम (१) मा एक जिल्लाबाट अर्को जिल्ला तथा सोहि जिल्लाको एक कार्यालयबाट अर्को कार्यालय तथा कार्यालयको कामकाजको लागि भ्रमण गर्दा 15 किलो मिटर भन्दा बढिको दुरि भएमा दैनिक भ्रमण भत्ता दिने व्यवस्था छ । पालिकाले एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम अन्तर्गत पालिका स्तरिय एक दिने समिक्षा कार्यक्रममा 15 किलो मिटर भन्दा कम दुरि भएको स्थानमा समेत देहायबमोजिमका व्यक्तिहरु सहभागि भएबाफत चार दिनको दैनिक भ्रमण भत्ता लिएको देखियो । संघिय सरकारको हस्तान्तरण कार्यक्रम अनुसार प्रति ब्याक्ति उपस्थितिमा रु ७00। भत्ता दिन पाउँने व्यस्था गरेको बमोजिम ३ दिनको भत्ता बाहेको रकम देहाय बमोजिमको व्यक्तिबाट असुल उपर गर्नु पर्ने देखिएको रु. | |

| क्र.सं | नाम थर | मिति | असुल उपर गर्नु पर्ने रकम |
|---|---|---|---|
| १ | भावना साउद | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| २ | लक्ष्मी वम | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ३ | हेमन्ता कुमारी ओली | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ४ | फलिराम चौधरी | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ५ | पदमराज शर्मा | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ६ | रमेश प्रसाद जोशि | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ७ | चन्द्र प्रसाद ओझा | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ८ | अनिल बि.क | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ९ | कृष्णनाथ योगि | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| १० | कान्ता भट्ट | २०७७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| ११ | जयन्ती बिठाडी | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| १२ | रमेश खड्का | २०७७/८/१७ देखि २०७७/८/२० | २१७५ |
| | जम्मा | | 26100.0 |

कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २६१००। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | गो.भौ.नं १९८ -२०७८/३/२४ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाका कार्यक्रमका लागि भरत बहादुर बमले भत्ता र सञ्चार बाफतको रकम बुझेको देखियो । यस्तो रकम देहाय बमोजिकका सम्बन्धित वडा सचिब तथा सहायक कर्मचारिहरुले स्पष्टरुपमा बुझेको हस्ताक्षर सहितको भरर्पाइ पेश भएन ।सम्बन्धित व्यक्तिले बुझेको हस्ताक्षर सहितको भरर्पाइ हुनुपर्ने अन्यथा असुल उपर गर्नु पर्ने देखिएको रु | |

| क्र.सं | नाम | पद | दिन | दर | कर कट्टि पछिको रकम | संचार खर्च | खुद पाउने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ताप सिं बुढामगर | सचिब | ३ | ६०० | १५३० | १०० | १६३० |
| २ | यज्ञ बहादुर रावल | सचिब | ३ | ६०० | १५३० | १०० | १६३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | पुष्पराज पाण्डे | सचिब | ३ | ६०० | १५३० | १०० | १६३० |
| ४ | बिर बहादुर कुवर | सहायक | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ५ | माया पुन मगर | सहायक | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ६ | बिर बहादुर मल्ल | सहायक | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ७ | गोबिन्द राज जोशि | सहायक | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ८ | लोकराज अवस्थि | का.स | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ९ | बिर बहादुर बडैला | का.स | ३ | ३०० | ९०० | १०० | ८६५ |
| १० | देविराम पाण्डे | का.स | ३ | ३०० | ९०० | १०० | ८६५ |
| ११ | धर्मराज जैशि | का.स | ३ | ३०० | ९०० | १०० | ८६५ |
| १२ | बसन्त लुहार | का.स | ३ | ३०० | ९०० | १०० | ८६५ |
| | जम्मा | | | | | | 12675.0 |

कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १२६७५। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भौचर नं. 35-078/3/2 स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन २०७५ को दफा ४ अनुसुचि १ मा न्यायिक समिति,बिधायन समित,लेखा समिति र शुसासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । गाउँपालिकाले देहाय अनुसार शिक्षासमितको बैठक भत्ता बुझ्ने पदाधिकारी तथा कर्मचारीसँग करकट्टि गरेको रकम घटाइ बाकि बैठक भत्ता निजहरुबाट असुल उपर गर्नुपर्ने देखिएको रु. | |

| नाम पद | दर | वैठक पटक | जम्मा रकम | कर रकम | असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| लोकेन्द्र ब.शाही | १००० | ७ | ७००० | १०५० | ५९५० |
| हर्क बहादुर बिष्ट | १००० | ७ | ७००० | १०५० | ५९५० |
| प्रमिला परियार | १००० | ६ | ६००० | ९०० | ५१०० |
| मिन बहादुर राणा | १००० | ५ | ५००० | ७५० | ४२५० |
| टेक ब. रावल | १००० | ५ | ५००० | ७५० | ४२५० |
| लक्ष्मी देबि शाही | १००० | २ | २००० | ३०० | १७०० |
| प्रेम बहादुर बि.क | १००० | ५ | ५००० | ७५० | ४२५० |
| पुनम कुमारी ठकुराठी | १००० | ५ | ५००० | ७५० | ४२५० |
| अमृता पुनमगर | १००० | ५ | ५००० | ७५० | ४२५० |
| तेज बहादुर ऐर | १००० | ६ | ६००० | ९०० | ५१०० |
| मिना देबि बिष्ट | १००० | ५ | ५००० | ७५० | ४२५० |
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>दिप बहादुर बलायर</td><td>१०००</td><td>४</td><td>४०००</td><td>६००</td><td>३४००</td></tr>
<tr><td>नर बहादुर शाही</td><td>१०००</td><td>५</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>शेर बहादुर बोगटी</td><td>१०००</td><td>५</td><td>५०००</td><td>७५०</td><td>४२५०</td></tr>
<tr><td>देवराज जोशि</td><td>१०००</td><td>१</td><td>१०००</td><td>१५०</td><td>८५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>62050.0</td></tr>
</table>
<u>कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २९००। मिति २०७८।८।१२ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</u>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कोभिड १९ तर्फ<br>कोरोना रोकथाम तथा व्यवस्थापनको लागि चालु वर्षमा संघीय सरकारबाट रु.1000000, पालिकाको वजेट रु.2000000, प्रदेश सञ्चित कोषबाट रु.1000000 र गत वर्षको मौज्दात रु.480412 गरि जम्मा रु.4480412 आम्दानी गरेकोमा करार सेवा शुल्क र अस्पताल बेड खरिदमा रु.998000 र विभिन्न शिर्षकमा रु.2004146 गरी जम्मा रु.3002146 खर्च गरी रु.1478266 बचत रहेको विवरण पेश गरेको छ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अध्यावधिक बेरुजू<br><br>अनुगमन तथा सम्परीक्षण–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ माबेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । जसअनुसार बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य कार्यालय प्रमुखको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा निम्नानुसार सम्परीक्षण भएको छ । बाँकी बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गर्नु पर्दछ ।
<table>
<tr><th>दफा नं</th><th>आ.व=</th><th>विवरण</th><th>फछ्र्यौट विवरण</th><th>रकम</th></tr>
<tr><td>91</td><td>2076/ 77</td><td>श्री तिल बहादुर बोहरा पेश्की</td><td>विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको ।</td><td>500000.0</td></tr>
<tr><td>91</td><td>2076/ 77</td><td>श्री तिल बहादुर बोहरा पेश्की रु. 250000.0</td><td>विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको ।</td><td>250000.0</td></tr>
<tr><td>91</td><td>2076/ 77</td><td>श्री तिल बहादुर बोहरा दादुर</td><td>विजक सहित पेश्की फर्छ्यौट</td><td>85000.0</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | विषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रुवेला खोप संचालन पेश्की | भएको विवरण पेश भएको । | | | |
| | | | | 91 | 2076/ 77 | हे.अ. श्री देवराज जोशी पेश्की | विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको । | 20000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री तिल बहादुर बोहरा पेश्की | विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको । | 100000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री भरत बहादु बम पेश्की | विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको । | 38500.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री गोविन्द बहादु कठायत पेश्की | विजक सहित पेश्की फर्छ्यौट भएको विवरण पेश भएको । | 149799.0 | | |
| | | | | 86 | 2076/ 77 | वडा नं. ५ श्री यज्ञ वहादुर रावल | बेरुजू दाखिला प्रमाण पेश । | 12000.0 | | |
| | | | | 87 | 2076/ 77 | वडा नं. ५ श्री यज्ञ वहादुर रावल | बेरुजू दाखिला प्रमाण पेश । | 9600.0 | | |
| | | | | 90 | 2076/ 77 | श्री दिर्घ बहादुर खड्काको बढी भूक्तानी | गाउँपालका राजश्व खातामा दाखिला भएको प्रमाण पेश भएको | 2667.0 | | |
| | | | | 92 | 2076/ 77 | श्री जनक बहादु कठायत अग्रिम कर दाखिला छुट | रा.वा.बैक मा दाखिला गरेको प्रमाण पेश भएको | 1500.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री प्रेम सिँह दमाइको पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 100000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री शेर बहादुर बोगटी पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 100000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री शेर बहादुर बोगटी पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 89800.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री हिरण्य साउद पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 35000.0 | | |
| | | | | 91 | 2076/ 77 | वडा नं. 7 लक्ष्मी कुमारी भट्ट पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 300000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री गोविन्द बहादुर कठायत पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 126000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री शेर बहादुर बोगटी पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 287000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री शेर बहादुर बोगटी परीक्षा संचालन पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 300000.0 | | |
| | | | | 91 | 2076/ 77 | श्री शेर बहादुर बोगटी क्यालेण्डर छपाई पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 40000.0 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 91 | 2076/ 77 | श्री प्रेम सिंह दमाइ दलित सचेतिकरण तालिम पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 100000.0 |
| 91 | 2076/ 77 | श्री नर बहादुर शाही अतिरिक्त क्रियाकलाप पेश्की | विल भरपाई सहित पेश्की फर्छ्यौट गरेको प्रमाण पेश । | 150000.0 |
| 56 | 2076/ 77 | वडा सदस्य शेर बहादुर सिँहको दोहोरो दैनिक भ्रमण भत्ता | गाउँपालिकाको राजश्व खातामा दाखिला भएको प्रमाण पेश | 2800.0 |
| | | जम्मा | | 2799666.0 |

**अनुगमन–** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेश नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर बीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

**अद्यावधिक बेरुजु -** यस पालिकाको २०७7।७8 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 39463 | 2799 | 9405 | 0 | 46069 |